# घर भाडामा लिने सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मितिः २०७६।०८।२४

यस एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेडको लागि तपशिलमा उल्लेखित क्षेत्रमा घर बहालमा लिनुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीबाट तपशिलमा उल्लेख भएको शर्त बमोजिमको सुविधा उपलब्ध गराउने गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा देहायका विवरणहरु स्पष्ट रुपमा खुलाई मासिक भाडा रकम (बिजुली र अन्य सेवा शुल्क तथा कर समेत प्रष्ट उल्लेख हुनेगरी) उल्लेख गरी निम्न ठेगानामा सम्पूर्ण उल्लेखित कागजात सहितको सिलबन्दि प्रस्ताव आह्वान गरिएको छ ।

**<u>क्षेत्रः</u>**

- सिँहदरवारको दक्षिण गेटबाट सडकदूरी २ किलोमिटर सडक मार्ग भित्र रहेको क्षेत्र ।
- कम्तीमा १० मिटरको मूलसडक भएको र भित्री बाटो भएमा कम्तीमा ४ मिटरको बाटो भई मूल सडकबाट ५०० मिटरको दूरी भित्रको क्षेत्र ।

**न्यूनतम आधारभूत आवश्यकताः**

- भाडाका लागि प्रस्तावित घर वा फ्ल्याट बढीमा तीन तल्लाको तथा मुख्य संरचना र अस्थायी संरचना गरी कम्तीमा ८,५०० वर्गफिट वरावरको क्षेत्रफल भएको हुनुपर्नेछ । मुख्य संरचना कम्तीमा ७,००० वर्गफिटको हुनुपर्नेछ ।
- प्रस्तावित घर वा फ्ल्याटमा विद्युत आपूर्तिको वैकल्पिक व्यवस्था समेत भएको हुनुपर्नेछ ।
- कम्तीमा १० वटा गाडी तथा २५ वटा मोटरसाइकल पार्किङ्गस्थल भएको हुनुपर्नेछ ।
- कम्तीमा ५ वटा ट्वाइलेट/बाथरुम भएको हुनुपर्नेछ ।
- घर सहितको पार्किङ्गस्थल/खुलाक्षेत्र सुरक्षित कम्पाउण्ड/बारले घेरिएको हुनुपर्नेछ ।
- घरभाडामा दिने न्यूनतम अवधि खुलाइएको तथा सो अवधि पछि घरभाडा सम्झौता नवीकरण गर्न सकिने व्यवस्था स्पष्ट रुपमा खुलाएको हुनुपर्नेछ ।
- खुला क्षेत्रमा अस्थायी टहरा बनाउन मिल्ने/नमिल्ने खुलाएको हुनुपर्नेछ ।

**प्रस्तावको साथ संलग्न हुनुपर्ने कागजातहरुः**

- घर भएको क्षेत्र स्पष्ट हुनेगरी सोको अवस्थिति (लोकेशन) नक्सा, कार्पेट एरियाको नाप सहितको नक्सा, घरको फोटो, घरको स्वीकृत नक्सा, जग्गाको ब्लुप्रिन्ट र निर्माण सम्पन्न प्रमाणपत्र ।
- घर भएको जग्गाको लालपूर्जा तथा घरधनीको नागरिकताको फोटोकपी तथा आ.व. २०७५/०७६ को घरजग्गाको कर तिरेको रसिद/निस्सा ।
- प्रस्तावित घरउपर कुनै प्रकारको भै-झगडा तथा मुद्दा मामिला नभएको भन्ने घर/जग्गाधनीको हस्ताक्षर सहितको घोषणापत्र ।

<u>प्रस्ताव पेश गर्ने ठेगानाः</u>

**एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेडको कार्यालय**
ट्रेडटावर बिजनेश सेन्टर, दोश्रो तल्ला, थापाथली, काठमाडौं ।
फोन नं. ०१-५१११०२४/२५